६. कृषि शाखा

७. भूगर्भ तथा खानी शाखा

( ग ) नेपाल शिक्षा सेवा

( घ ) नेपाल पुलीस सेवा

सैक्रेटरी —
सिभिल स्क्रीनिङ कमिटी
सिंहदरबार

## पब्लिक सर्भिस कमिशनको सूचना (नं.१३)

अर्थ ( आय ) विभागलाई चारजना एक्साइज इन्सपेक्टरहरू चाहिएका छन् । १. पद—स्थायी पेन्सन पाउने।२. मासिक तलब-मो.रु. १४०—२८० र महँगी भत्ता मो.रु. २० । ३. आवश्यक न्यूनतम शैक्षिक योग्यता— आई. एस्. सी. । ४. काम--महुवा र फलफूलको डिस्टिलरीबाट निस्केको रक्सी जाँच गर्ने । ५. काम गर्ने स्थान--अर्थ ( आय ) विभागले खटाएको ठाउँ । स्नेस्ताको काम गर्न सक्नेलाई विशेष ग्राह्यता दिइनेछ । आवेदनपत्र २०१० साल ज्येष्ठ ३० गते रोज ६ भित्र तलको ठेगानामा आइपुग्नुपर्छ । प. स. क. दरखास्त फाराम तलको ठेगानामा र हरएक हुलाकमा पाइन्छ ।

खड्गमान मल्ल एम्. ए.
सेक्रेटरी—पब्लिक सर्भिस कमिशन,
( सिंहदरवार )

## पब्लिक सर्भिस कमिशन सूचना ( नं. १४ )

पब्लिक वर्क्स तथा संचार विभागान्तर्गत पब्लिक वर्क्स मधेस पहाड रिपोट निक्सारी , धनकुटा र पालपाका निमित्त जम्मा तीन जना ओभरसियर चाहिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. पद--नन्‌गजेटेड, स्थायी, पेन्सन पाइने, ६ महिनाको अग्रसूचना गरी छोड्न वा छुटाउन पाइने ।

२. चाहिने न्यूनतम योग्यता — सरकार--सम्मानित एन्जीनियरिङ कलेज वा स्कूलबाट ओभरसियर, सबोर्डिनेट एन्जीनियर वा अपर सबोर्डिनेट पास भएको ।

३. विशेष योग्यता--घर, पुल, बाटो बनाउनामा दक्ष भएको ।

४. मासिक तलबको परिमाण--१४०।--७—२८०। मोरु र मासिक महंगी भत्ता २०। मोरु ।

५. अभ्यास ( प्रोबेशन ) अवधि—६ महिना ।

६. सुबिस्ता- सरकारी घर दिइने र टाढाटाढा खटिई जानुपरेमा सफरभत्ता सवालबमोजिम पाइने ।

७. दरखास्त २०१० साल आषाढ १ गते रोज १ ( १४ जून १९५३ ) सम्ममा प. स. क. फाराममै भरिई आउनुपर्छ । सो फाराम तलको ठेगानामा पाइन्छ ।

खड्गमान मल्ल एम. ए.
सैक्रेटरी--पब्लिक सर्भिस कमिशन,
सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।